# अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०५१।८।१२

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ रहेको छ।"

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ सम्झनुपर्छ।

(ख) "सञ्चालक समिति" भन्नाले अपाङ्ग घर सञ्चालन गर्नको लागि नियम ११ बमोजिम गठन भएको अपाङ्ग घर सञ्चालक समिति सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय सम्झनुपर्छ।

३. **अपाङ्गपन निर्धारण समिति**: (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम अपाङ्गको परिभाषा र अपाङ्गपन निर्धारणको लागि कुनै चिकित्सक नतोकिएकोमा मन्त्रालयले सोही उपदफाको प्रयोजनको लागि अपाङ्ग कल्याण संघ, सम्बन्धित संघ, संस्था, चिकित्सक र विशेषज्ञहरू समेत समावेश गरी सातजना सम्मको एक अपाङ्गपन निर्धारण समिति गठन गर्न सक्नेछ। यसरी गठन हुने समितिको अध्यक्ष, सदस्य र सचिवको नाम तथा निजहरूको पदावधि सोही समिति गठन गर्दाको अवस्थामा तोके बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ।

४. **लगत राख्ने**: (१) गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका अपाङ्गहरूको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

नेपाल कानून आयोग

(२) समाज कल्याण अधिकृतले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका मार्फत स्थानीय स्तरमा कार्यरत अपाङ्ग कल्याण सम्बन्धी संघ संस्था समेतको सहयोगमा अपाङ्गहरूको प्रकृति र प्रकार अनुसारको अभिलेख तयार गरी त्यसको एकप्रति अनिवार्य रुपले मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले पनि सो अभिलेख समेतको आधारमा नेपालका अपाङ्गहरूको प्रकृति र प्रकार अनुसारको राष्ट्रिय अभिलेख तयार गरी राख्नेछ ।

(३) केन्द्रिय तथ्याङ्क विभागले राष्ट्रिय जनगणनामा स्पष्ट देखिने गरी अपाङ्गको लगत खुलाउनु पर्नेछ ।

५. **परिचयपत्र प्रदान गर्न सक्ने:** समाज कल्याण अधिकृतले अपाङ्गलाई ऐन तथा यस नियमावली बमोजिम सुविधा दिने प्रयोजनको लागि मन्त्रालयले तोकिदिए बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गर्न सक्नेछ ।

६. **समाज कल्याण अधिकृतको काम, कर्तव्य र अधिकार:** समाज कल्याण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्गहरूको हित संरक्षण तथा अपाङ्ग कल्याण सम्बन्धी जिल्ला स्तरीय योजना र कार्यक्रम तर्जुमा गरी स्वीकृतिको निमित्त मन्त्रालयमा पेश गर्ने ।

(ख) मन्त्रालयका निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) स्वीकृत कार्यक्रमको कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्ने र प्रगति विवरणहरू मन्त्रालयमा पठाउने ।

(घ) जिल्लाका अपाङ्गहरूको हित संरक्षण र कल्याणको लागि आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको अधिकतम परिचालन गर्ने ।

(ङ) मन्त्रालयबाट तोकिदिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

६. **समाजकल्याण अधिकृतको सेवाको शर्त र सुविधा:** समाजकल्याण अधिकृतको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

७. **अपाङ्ग घरको स्थापना तथा सञ्चालन:** (१) नेपाल सरकारले आवश्यकतानुसार नेपालको विभिन्न क्षेत्रहरूमा अपाङ्ग घरहरू स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अपाङ्ग घरको स्थापना नभएसम्म अरु कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित अपाङ्ग घरलाई पनि नेपाल सरकारले उपयोग गर्न सक्नेछ ।

नेपाल कानून आयोग

तर यस उपनियममा लेखिएको कुनै कुराले त्यस्तो अपाङ्ग घरको सञ्चालनमा हस्तक्षेप गर्ने अधिकार नेपाल सरकारलाई भएको मानिने छैन ।

(३) समाज कल्याण अधिकृत वा प्रहरी कर्मचारी आफैँले कुनै बृद्ध अपाङ्ग वा असहाय अपाङ्ग फेला पारेमा वा अरु कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो अपाङ्गको सम्बन्धमा यथासम्भव तीन पुस्ते, नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औंठाको छाप समेत लिई त्यस्तो अपाङ्गलाई नजिकको अपाङ्ग घरमा बुझाउनु पर्छ र सम्बन्धित अपाङ्ग घर प्रमुखले पनि बुझी लिनु पर्छ ।

(४) अपाङ्ग घर प्रमुखले बृद्ध अपाङ्ग वा असहाय अपाङ्गहरूलाई लिङ्गको आधारमा छुट्टाछुट्टै राख्नु पर्नेछ ।

(५) बेवारिस असहाय अपाङ्गको बाबु, आमा, नातेदार वा संरक्षक पत्ता लगाउने प्रयोजनको निमित्त समाज कल्याण अधिकृत, अपाङ्ग घर प्रमुख वा प्रहरी कार्यालयले त्यस्तो अपाङ्गको हुलिया तथा फोटो सहितको सूचना कुनै पत्र पत्रिकामा प्रकाशित गराउन वा संचारको अन्य माध्यमबाट प्रसारण गराउन सक्नेछ ।

नेपाल कानून आयोग

९. **अपाङ्ग घर प्रमुखः** (१) नेपाल सरकारले यस नियमावली बमोजिम स्थापित अपाङ्ग घरको प्रमुख भई काम गर्न कुनै व्यक्तिलाई अपाङ्ग घर प्रमुखको रुपमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त वा तोकिएको अपाङ्ग घर प्रमुखको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१०. **अपाङ्ग घर प्रमुखको काम, कर्तव्य र अधिकारः** अपाङ्ग घर प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्ग घरको दीर्घकालीन नीति र योजना तर्जुमा गर्न सञ्चालक समितिलाई सहयोग गर्ने,

(ख) स्वीकृत नीति र योजना अनुरुप अपाङ्ग घरको वार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतिका लागि सञ्चालक समितिमा पेश गर्ने,

(ग) सञ्चालक समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(घ) अपाङ्ग घरको दैनिक कार्य सञ्चालन गर्ने गराउने र त्यसको सुपरीवेक्षण गर्ने,

(ङ) अपाङ्ग घरको कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र प्रगति विवरणहरू सञ्चालक समितिको बैठकमा पेश गर्ने,

(च) अपाङ्ग घरको आर्थिक कारोबार गर्ने र सोको लेखा ठीकसँग राख्न लगाउने ।

(छ) सञ्चालक समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य कार्य गर्ने, गराउने ।

११. **सञ्चालक समितिको गठनः** (१) मन्त्रालयले अपाङ्ग घर सञ्चालन गर्नको निमित्त स्थानीय सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सक र शिक्षकहरू मध्येबाट समेत सदस्य रहने गरी बढीमा सात जना सदस्यहरू भएको एक अपाङ्ग घर सञ्चालक समिति गठन गर्नेछ ।

(२) सञ्चालक समितिमा रहने अध्यक्ष, सदस्य तथा सचिवको काम, कर्तव्य तथा निजहरूको पदावधि मन्त्रालयले उक्त समिति गठन गर्दाको अवस्थामा तोके बमोजिम हुनेछ ।

१२. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्ग घरको दीर्घकालीन नीति र योजना तर्जुमा गरी स्वीकृतिको निमित्त समाज कल्याण अधिकृत मार्फत मन्त्रालयमा पेश गर्ने ।

(ख) स्वीकृत नीति र योजना अनुरुप वार्षिक कार्यक्रम बनाई स्वीकृत गर्ने र सो को सञ्चालनार्थ आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने ।

(ग) अपाङ्ग घरमा रहेका बृद्ध अपाङ्ग र असहाय अपाङ्गहरूलाई बस्ने, सुत्ने, खाने, लगाउने लगायतका अन्य सुविधा सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने, गराउने ।

(घ) बृद्ध अपाङ्ग वा असहाय अपाङ्गहरूको शारीरिक एवं बौद्धिक विकासको निमित्त मनोरञ्जन तथा साँस्कृतिक कार्यक्रम लगायत अन्य अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने, गराउने ।

(ङ) अपाङ्ग घरको कार्य प्रगतिको समिक्षा एवं मूल्याङ्कन गर्ने, गराउने ।

(च) बृद्ध अपाङ्ग वा असहाय अपाङ्गहरूलाई नियमित स्वास्थ्य परीक्षण र आवश्यकतानुसार औषधोपचारको व्यवस्था मिलाउने ।





नेपाल कानून आयोग

(छ) अपाङ्ग घरको सञ्चालन सम्बन्धमा मन्त्रालय वा समाज कल्याण अधिकृतले दिएका सुझाव तथा निर्देशनको पालना गर्ने, गराउने ।

१३. **बैठक सम्बन्धी कार्यविधिः** सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **नेपाल सरकारको सहयोग उपलब्ध गराउनेः** नेपाल सरकारले अपाङ्ग कल्याण कार्यमा संलग्न गैर सरकारी एवं निजी स्तरमा सञ्चालित संघ संस्था वा अपाङ्ग घरहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१५. **शिक्षा तथा तालीमको व्यवस्थाः** (१) कुनै गैर सरकारी वा निजी स्तरमा सञ्चालित संस्थाले अपाङ्गलाई शिक्षा एवं तालीमको व्यवस्था गर्ने भएमा मन्त्रालयले त्यस्तो संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) मन्त्रालयले अपाङ्गका बढीमा दुईजना सन्ततिलाई कुनै निश्चितस्तर सम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(३) मन्त्रालयले अपाङ्गताको प्रकृति र प्रकार अनुसार त्यस्ता अपाङ्गहरूलाई शिक्षा दिनको लागि नेपालभित्र आवश्यक सङ्ख्यामा विशेष शिक्षा दिने विद्यालयको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थापना भएका विद्यालयको सञ्चालन र त्यस्तो विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था शिक्षा नियमावली, २०४९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) नेपाल सरकार र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको कुनै संगठित संस्थाले प्रदान गर्ने प्राविधिक तथा व्यावसायिक तालिम अपाङ्गहरूको निमित्त उपयोगी हुने भएमा त्यस्तो तालीममा उनीहरूको लागि पाँच प्रतिशत स्थान सुरक्षित गरिनेछ र यस किसिमको तालीममा अपाङ्गहरूसँग कुनै किसिमको शुल्क लिइने छैन ।

१६. **स्वास्थ्योपचार सम्बन्धी व्यवस्थाः** (१) नेपाल भित्रका अस्पतालहरूमा अपाङ्गहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

(२) नेपालभित्रका पचासभन्दा बढी शैया भएका सरकारी अस्पतालहरूमा अपाङ्गहरूको उपचारको निमित्त घटीमा दुईओटा निःशुल्क शैयाको व्यवस्था गरिनेछ ।



नेपाल कानून आयोग

(३) ६५ वर्ष नाघेका बृद्ध अपाङ्ग तथा असहाय अपाङ्गहरूको नेपालभित्रका सरकारी अस्पतालहरूमा निःशुल्क औषधोपचारको व्यवस्था गर्न सकिनेछ ।

(४) नेपाल सरकारको पूर्व स्वीकृति लिई कुनै गैर सरकारी अस्पतालले अपाङ्गहरूको लागि निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क शैया वा औषधि उपचारको व्यवस्था गरेमा त्यस्तो अस्पताललाई मन्त्रालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१७. **अपाङ्गलाई काममा प्राथमिकता दिनु पर्ने:** (१) नेपाल सरकार र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका संगठित संस्थाहरूले अपाङ्गहरूको शिक्षा, तालीम र शारीरिक स्थिति अनुकूलको काममा तिनीहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) ऐनको अधिनमा रही नेपाल सरकार र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका संगठित संस्थामा काम गर्ने अपाङ्ग कर्मचारी र अन्य कर्मचारी बीच पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरूको सम्बन्धमा कुनै किसिमको भेदभाव गरिने छैन ।

१८. **आयकर छुट दिइने:** (१) अपाङ्गलाई रोजगारी दिने कारखानालाई सो कारखानाले अपाङ्गलाई प्रदान गरेको तलब, भत्ता वा अन्य कुनै सुविधा वा सहुलियतको अङ्कमा प्रचलित कानूनको प्रक्रिया पुऱ्याई पूर्ण रुपले आयकर छुट दिइनेछ ।

(२) कुनै कारखानाले अपाङ्गलाई नियुक्त गर्न आफ्नो कारखानाको यन्त्रमा गरिएको विशेष अदलबदल वा जडान गरिएका पार्टपूर्जाहरूको बापत भएको खर्चको अङ्कमा प्रचलित कानूनको प्रक्रिया पुऱ्याई पूर्ण रुपले आयकर छुट दिइने छ ।

१९. **अपाङ्ग सेवा कोषको व्यवस्था:** (१) अपाङ्गहरूको शिक्षा, तालीम, स्वास्थ्योपचार र पुनर्स्थापना कार्यको लागि नेपाल सरकारले एउटा अपाङ्ग सेवा कोषको स्थापना गर्न सक्नेछ र उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति, संघ संस्थाबाट प्राप्त दान, उपहार, चन्दा सहयोग आदिको रकम ।

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।



नेपाल कानून आयोग

(२) अपाङ्ग सेवा कोषको नाउँमा जम्मा रहेको रकम नेपालको कुनै बैंकमा खाता खोली राखिनेछ ।

(३) अपाङ्ग सेवा कोषको खाताको सञ्चालन र तत्सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

२०. **कानूनी सुविधाः** कुनै अपाङ्गले मुद्दा मामिलाको सुनुवाईको क्रममा कुनै किसिमको कानूनी सुविधा लिन चाहेमा निजलाई नेपाल सरकारबाट नियुक्त वैतनिक वकिल मार्फत आवश्यक कानूनी सुविधा उपलब्ध गराइनेछ ।

२१. **जग्गा आवादीको लागि शर्त बन्देजः** ऐनको दफा १० को उपदफा (१) बमोजिम घरबास वा कृषि प्रयोजनको लागि अपाङ्गलाई उपलब्ध गराउने जग्गा बेचबिखन गर्न नपाइने शर्तमा उपलब्ध गराउन सकिनेछ ।

२२. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार प्रचलित कानून बमोजिम स्थापित कुनै संघ संस्था वा मातहतका निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

नेपाल कानून आयोग